ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्याः ५** **नगरसभाबाट पारित मितिः २०८०।०९।२५**

**प्रमाणिकरणः २०८०।१०।०४**

**प्रकाशन मितिः २०८०।१०।०५**

## भाग-१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०८०।०९।२५ गतेको नगरसभा बाट **"ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५" को दफा २, ४, ९, २२ र २३ संशोधन भएको हुंदा** सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ (तेस्रो संशोधन २०८०)

**<u>दफा २ उपदफा द संशोधन</u>**

*(द) **"शिक्षा सुपरीवेक्षक"** भन्नाले नगरपालिका शिक्षा शाखामा काजमा रहेका तोकिएको योग्यता र क्षमता भएका शिक्षा क्षेत्रको सुपरीवेक्षण गर्ने सुपरीवेक्षक शिक्षकलाई सम्झनु पर्दछ।*

**<u>दफा २ उपदफा न, प र फ थप गर्नुपर्ने</u>**

*(न) **"नगर शिक्षक"** भन्नाले ठाकुरबाबा नगरपालिकाको शिक्षा शाखाले दरबन्दी सिर्जना गरेर नगरपालिकाले तोकेको अनुदान र सेवा सुविधा पाउने शर्तमा नियुक्त शिक्षक भन्ने जनाउँछ।*

*(प) **"विद्यालय सहायता संयन्त्र"** भन्नाले विद्यालय शिक्षालाई आवश्यक योजना, प्रशासन, शिक्षण, परीक्षा मूल्याङ्कन, खेलकुद, कम्प्युटर सूचना प्रविधि, कला तथा संगीत लगायतका क्षेत्रमा सहयोग गर्ने प्राविधिकहरुको संयन्त्र भन्ने सम्झनु पर्दछ।*

*(फ) **"शिक्षक बैङ्क"** भन्नाले शिक्षकको आवश्यकता तत्काल परिपूर्ति गर्ने गरी योग्यता पुगेका उम्मेदवारहरु मध्ये तोकिएको शिक्षक छनौट प्रक्रियाबाट छनौट गरेर प्रतीक्षा सूचीमा अभिलेख*

*तयार गरी शिक्षक जनशक्ति मौज्दात बैङ्क बनाई तयार पारिएको तहगत र विषयगत प्रस्तावित शिक्षकको पूर्व तयारी समूह भन्ने सम्झनु पर्दछ।*

**<u>दफा ४ उपदफा (५) संशोधन</u>**

*(५) नगर शिक्षा समितिले आवश्यक ठानेमा विद्यालय निरीक्षक, शिक्षा सुपरीवेक्षक, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि, शिक्षक अभिभावक संघको प्रतिनिधि, विद्यार्थी प्रतिनिधि, पेशागत संघ, संगठनका प्रतिनिधि जो कोहीलाई पनि बैठकमा आमन्त्रण गर्न सक्नेछ।*

**<u>दफा ४ उपदफा (६) य थप गर्नुपर्ने</u>**

**(य)** *आवश्यकता र औचित्यताको आधारमा विद्यालय शिक्षक तथा कर्मचारीको सरुवा गर्ने र आवश्यकता र औचित्यताको आधारमा प्रधानाध्यापकको हेरफेर गर्ने/गराउने ।*

**<u>दफा ९ उपदफा १ (घ) संशोधन</u>**

**(घ)** *शिक्षा सुपरीवेक्षक - सदस्य*

**<u>दफा २२ उपदफा १ (घ) संशोधन</u>**

**(घ)** *शिक्षा सुपरीवेक्षक - सदस्य सचिव*

<u>दफा २३ संशोधन</u> ***नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:*** *यस ऐन अन्तर्गत रही नगर कार्यपालिकाले नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागु गर्न सक्नेछ र नगर कार्यपालिकाले बनाएको नियम, निर्देशिका, कार्यविधि र मापदण्ड अनुसार काम गर्न विद्यालयले पनि शिक्षा शाखाको स्विकृति लिई प्रचलित कानूनसँग नबाझिने गरी कार्यविधि बनाएर कार्य गर्न सक्नेछ।*

**<u>आज्ञाले</u>**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ (तेस्रो संशोधन २०८०)